विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्याः १७औं

आज मिति २०८२ असार १० गते विहिबारका दिन विगु गाउँपालिका अध्यक्ष श्री संजिव ओली ज्यूको अध्यक्षतामा विगु गाउँपालिका गाउँसभाको १७ औं अधिवेशनमा तपसिलमा उल्लेखित अतिथिहरु तथा पदाधिकारीहरुको उपस्थितीमा निम्न बमोजिमको प्रस्तावहरुमाथि छलफल गरि निम्न निर्णयहरु गरियो ।

उपस्थितीः

| क्र.स. | पद | नाम | वडा नं | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | संजीव ओली | अध्यक्ष | | ९८५१००४२३५ | |
| २ | देविका थामी | उपाध्यक्ष | | ९८४४३५५८५३ | |
| ३ | मेम वहादुर तमाङ | वडा अध्यक्ष | १ | ९८४४४६५१८५ | |
| ४ | दिपक ठकुरी | वडा अध्यक्ष | २ | ९८४४३०६५६२ | |
| ५ | ढाल बहादुर तमाङ | वडा अध्यक्ष | ३ | ९६४८२२६६९६ | |
| ६ | राम चन्द्र खड्का | वडा अध्यक्ष | ४ | ९८६३६३७६४८ | |
| ७ | काले शेर्पा | वडा अध्यक्ष | ५ | ९८८४२३८४३० | |
| ८ | टहल बहादुर थामी | वडा अध्यक्ष | ६ | 9854045940 | |
| ९ | दल बहादुर श्रेष्ठ | वडा अध्यक्ष | ७ | | |
| १० | हिरा थामी | वडा अध्यक्ष | ८ | | |
| ११ | टल माइ तमाङ | कार्यपालिका सदस्य | २ | | टलमाइ |
| १२ | गोमा के.सी. | कार्यपालिका सदस्य | ४ | | |
| १३ | मैया नेपाली | कार्यपालिका सदस्य | ५ | | |
| १४ | ज्योती माया थामी | कार्यपालिका सदस्य | ६ | | ज्योती |
| १५ | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | ७ | ९८४१०५३८५९ | |
| १६ | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ८ | ९८६४००२३५४ | |
| १७ | धन कुमारी वि.क. | दलित महिला सदस्य | १ | 9841065580 | धनकुमारी |
| १८ | स्वस्थानी कामी | दलित महिला सदस्य | २ | | |
| १९ | वाल कुमारी विश्वकर्मा | दलित महिला सदस्य | ३ | | |

संजीव ओली
अध्यक्ष

बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सालुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | | |
|---|---|---|---|---|---|
| २० | धन माया सार्की | दलित महिला सदस्य | ४ | 9844826350 | |
| २१ | सुन्तली विश्वकर्मा | दलित महिला सदस्य | ६ | ९८६४२६९१२८ | |
| २२ | सरिता विश्वकर्मा | दलित महिला सदस्य | ७ | | |
| २३ | सानी कामी विश्वकर्मा | दलित महिला सदस्य | ८ | 9765545750 | |
| २४ | सरीता क्षेत्री शेर्पा | महिला सदस्य | १ | 9845613470 | |
| २५ | लाली माया तामाङ्ग | महिला सदस्य | ३ | | |
| २६ | देवकुमारी भुजेल कार्की | महिला सदस्य | ५ | देवकुमारी | |
| २७ | डाछुटी शेर्पा | महिला सदस्य | ७ | 9849658628 | |
| २८ | देवी थामी | महिला सदस्य | ८ | | |
| २९ | वाईसल तमाङ | सदस्य | १ | | |
| ३० | साङ रेन्जेन तमाङ | सदस्य | १ | | |
| ३१ | गोपी लाल तमाङ | सदस्य | २ | 9869681094 | |
| ३२ | नर वहादुर ठकुरी | सदस्य | २ | 9864898425 | |
| ३३ | सुर्य बहादुर खत्री | सदस्य | ३ | ९८६६६६९३५६ | |
| ३४ | पुर्ण वहादुर तमाङ | सदस्य | ३ | | |
| ३५ | कमल प्रसाद ओली | सदस्य | ४ | ९८६३६३६४६३ | |
| ३६ | बिष्णु कुमार ठकुरी | सदस्य | ४ | | |
| ३७ | तारा बहादुर श्रेष्ठ | सदस्य | ५ | 9840993690 | |
| ३८ | लाल वहादुर कामी | सदस्य | ५ | | |
| ३९ | धन कुमार थामी | सदस्य | ६ | ~~९८४९०८६३३५~~ | |
| ४० | ढल बहादुर थामी | सदस्य | ६ | ९८४९०८६३३५ | |
| ४१ | टसी शेर्पा | सदस्य | ७ | | |
| ४२ | धन बहादुर मगर | सदस्य | ७ | 9843292226 | |
| ४३ | भरत कुमार श्रेष्ठ | सदस्य | ८ | ९८६२८०६००८ | |
| ४४ | सुमन सिंह तमाङ | सदस्य | ८ | 9869020840 | |
| ४५ | रत्न बहादुर थामी | सदस्य सचिव | | | |

संजीव ओली
अध्यक्ष

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा ।
गाउँसभाको १७ औं अधिवेशन
मिति २०८२।०३।१०

सभा सञ्चालन कार्यतालिका

प्रस्तावहरु

१. आ व २०८२।०८३ को नीति तथा कार्यक्रम सम्बन्धमा ।
२. आ व २०८२।०८३ को आर्थिक ऐन सम्बन्धमा ।
३. विनियोजन ऐन सम्बन्धमा ।
४. लेखा समिति पुन:गठन सम्बन्धमा ।
५. बेरुजु समंपरिक्षण सम्बन्धमा ।
६. बार्षिक समिक्षा सम्बन्धमा ।
७. जग्गा वर्गिकरण सम्बन्धमा ।
८. आ व २०८१।०८२ को प्रतिवेदनहरु पारित गर्ने सम्बन्धमा ।
९. गैर सरकारी संघ संस्थाहरुसँग योजनाहरु साझेदारी सम्बन्धमा ।
१०. ऐन, कानून, कार्यविधि, निर्देशिकाहरु तथा मापदण्डहरु स्वीकृत गरि राजपत्रमा प्रकाशन गर्ने सम्बन्धमा ।
    - उपभोक्ता समिति दर्ता कार्यविधि ।
    - महिला सहायता कोष कार्यविधि ।
    - विपन्न तथा दीर्घरोगी औषधि कार्यविधि ।
    - कृषि तथा पशु अनुदान कार्यविधि सम्बन्धमा ।
११. गाउँ कार्यपालिकाको २०८२।०३।०९ गतेसम्मको निर्यणहरु अनुमोदन सम्बन्धमा ।
१२. आ व २०८१।०८२ मा संचालित योजनाहरुको भुक्तानी बाँकी सम्बन्धमा ।
१३. दररेट सम्बन्धमा ।
१४. अस्थाई करार कर्मचारी भर्ना तथा व्यवस्थापन कार्यविधि संशोधन गर्ने सम्बन्धमा ।
१५. ठेक्का म्याद थप सम्बन्धमा।
१६. फलाक र लप्ची नाका सडक सम्बन्धमा ।
१७. क्रमागत योजनाहरु सम्बन्धमा ।
१८. योजना साझेदारी सम्बन्धमा ।
१९. कर तथा राजस्व सम्बन्धमा।
२०. गाउँपालिका कार्यालय सम्बन्धमा।
२१. विगु स्वास्थ्य सेवा केन्द्र सम्बन्धमा ।
२२. विविध

संजीव आले
अध्यक्ष

विगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

# विगु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

लादुक, दोलखा ।

गाउँसभाको १७ औं अधिवेशन

मिति २०८२।०३।१०

सभा सञ्चालन कार्यतालिका

निर्णयहरु

१. प्रस्ताव नं १ उपर छलफल गर्दा विगु गाउँपलिकाको आगामी आ व २०८२।०८३ को नीति तथा कार्यक्रमहरुमा छलफल भई सर्वसम्मत स्वीकृत गरियो ।

२. प्रस्ताव नं २ उपर व्यापक छलफल गर्दा आ व २०८२।०८३ को लागि आवश्यक विभिन्न करका दरसहितको आर्थिक विधेयक, २०८२ सभामा प्रस्तुत भई सर्वसम्मतबाट स्वीकृत गरिएको निर्णय गरियो ।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा आजको यस गाउँसभामा प्रस्तावित प्रस्ताव नं ३ देखि प्रस्ताव नं २२ सम्मका प्रस्तावहरु पुन गाउँ कार्यपालिकाको बैठकमा छलफल गरी २०८२।०३।१० को निरन्तर मिति २०८२।०३।२५ गतेको गाउँ सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं १७ उपर छलफल गर्दा विगत वर्षहरुमा देखिएको बाढी, भूक्षय तथा अन्य प्राकृतिक विपदबाट सिर्जित समस्याबाट सिङ्गटीस्थित खोलिखिम बजार क्षेत्रमा मानव बस्ती, पूर्वाधार तथा आर्थिक गतिविधिहरूमा परेको क्षति न्यूनीकरण गर्नका लागि निर्माण गर्ने नदी तटबन्धन संरचनालाई दीर्घकालीन रूपमा सुरक्षित र प्रभावकारी बनाउँदै उक्त कार्यलाई बहुवर्षीय योजना अन्तर्गत निरन्तरता दिई कार्यान्वयन गर्ने निर्णय गरियो।

संजीव ओली
अध्यक्ष

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

**बैठक संख्या :**

आज मिति २०८२ असार २५ गते बुधबारका दिन विगु गाउँपालिका अध्यक्ष श्री संजिव ओली ज्यूको अध्यक्षतामा विगु गाउँपालिका गाउँसभाको निरन्तर १७ औं अधिवेशनमा तपसिलमा उल्लेखित अतिथिहरु तथा पदाधिकारीहरुको उपस्थितीमा निम्न बमोजिमको प्रस्तावहरुमाथि छलफल गरि निम्न निर्णयहरु गरियो ।

उपस्थिती:

| क्र.स. | पद | नाम | वडा नं | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संजीव ओली | अध्यक्ष | | |
| २ | देविका थामी | उपाध्यक्ष | | |
| ३ | मेम वहादुर तमाङ | वडा अध्यक्ष | १ | |
| ४ | दिपक ठकुरी | वडा अध्यक्ष | २ | |
| ५ | ढाल बहादुर तमाङ | वडा अध्यक्ष | ३ | |
| ६ | राम चन्द्र खड्का | वडा अध्यक्ष | ४ | |
| ७ | काले शेर्पा | वडा अध्यक्ष | ५ | |
| ८ | टहल बहादुर थामी | वडा अध्यक्ष | ६ | |
| ९ | दल बहादुर श्रेष्ठ | वडा अध्यक्ष | ७ | |
| १० | हिरा थामी | वडा अध्यक्ष | ८ | |
| ११ | टल माइ तमाङ | कार्यपालिका सदस्य | २ | |
| १२ | गोमा के.सी. | कार्यपालिका सदस्य | ४ | |
| १३ | मैया नेपाली | कार्यपालिका सदस्य | ५ | |
| १४ | ज्योती माया थामी | कार्यपालिका सदस्य | ६ | |
| १५ | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | ७ | |
| १६ | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ८ | |
| १७ | धन कुमारी वि.क. | दलित महिला सदस्य | १ | |
| १८ | स्वस्थानी कामी | दलित महिला सदस्य | २ | |
| १९ | वाल कुमारी विश्वकर्मा | दलित महिला सदस्य | ३ | |
| २० | धन माया सार्की | दलित महिला सदस्य | ४ | |

संजीव ओली
अध्यक्ष

गाउँ विगु गाउँपालिका
कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| २१ | सुन्तली विश्वकर्मा | दलित महिला सदस्य | ६ | |
| २२ | सरिता विश्वकर्मा | दलित महिला सदस्य | ७ | |
| २३ | सानी कामी विश्वकर्मा | दलित महिला सदस्य | ८ | |
| २४ | सरीता क्षेत्री शेर्पा | महिला सदस्य | १ | |
| २५ | लाली माया तामाङ्ग | महिला सदस्य | ३ | |
| २६ | देवकुमारी भुजेल कार्की | महिला सदस्य | ५ | देवकुमारी |
| २७ | ङाछुटी शेर्पा | महिला सदस्य | ७ | |
| २८ | देवी थामी | महिला सदस्य | ८ | |
| २९ | वाईसल तमाङ | सदस्य | १ | |
| ३० | साङ रेन्जेन तमाङ | सदस्य | १ | |
| ३१ | गोपी लाल तमाङ | सदस्य | २ | |
| ३२ | नर वहादुर ठकुरी | सदस्य | २ | |
| ३३ | सुर्य बहादुर खत्री | सदस्य | ३ | |
| ३४ | पुर्ण वहादुर तमाङ | सदस्य | ३ | |
| ३५ | कमल प्रसाद ओली | सदस्य | ४ | |
| ३६ | बिष्णु कुमार ठकुरी | सदस्य | ४ | |
| ३७ | तारा बहादुर श्रेष्ठ | सदस्य | ५ | |
| ३८ | लाल वहादुर कामी | सदस्य | ५ | |
| ३९ | धन कुमार थामी | सदस्य | ६ | |
| ४० | ढल बहादुर थामी | सदस्य | ६ | |
| ४१ | टसी शेर्पा | सदस्य | ७ | |
| ४२ | धन बहादुर मगर | सदस्य | ७ | |
| ४३ | भरत कुमार श्रेष्ठ | सदस्य | ८ | |
| ४४ | सुमन सिंह तमाङ | सदस्य | ८ | |
| ४५ | रत्न बहादुर थामी | सदस्य सचिव | | |

संजीव ओली
अध्यक्ष

# विगु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## लादुक, दोलखा ।

गाउँसभाको १७ औं अधिवेशन

मिति २०८२।०३।१० को निरन्तर दोस्रो बैठक

मिति २०८२।०३।२५

सभाको प्रस्तावहरु

१. विनियोजन ऐन सम्बन्धमा ।
२. लेखा समिति पुनःगठन सम्बन्धमा ।
३. बेरुजु समंपरिक्षण सम्बन्धमा ।
४. बार्षिक समिक्षा सम्बन्धमा ।
५. जग्गा वर्गिकरण सम्बन्धमा ।
६. आ व २०८१।०८२ को प्रतिवेदनहरु पारित गर्ने सम्बन्धमा ।
७. गैर सरकारी संघ संस्थाहरुसँग योजनाहरु साझेदारी सम्बन्धमा ।
८. ऐन, कानून, कार्यविधि, निर्देशिकाहरु तथा मापदण्डहरु स्वीकृत गरि राजपत्रमा प्रकाशन गर्ने सम्बन्धमा ।
    - उपभोक्ता समिति दर्ता कार्यविधि ।
    - महिला सहायता कोष कार्यविधि ।
    - विपन्न तथा दीर्घरोगी औषधि कार्यविधि ।
    - कृषि तथा पशु अनुदान कार्यविधि सम्बन्धमा ।
९. गाउँ कार्यपालिकाको हाल सम्मका निर्यणहरु अनुमोदन सम्बन्धमा ।
१०. आ व २०८१।०८२ मा संचालित योजनाहरुको भुक्तानी बाँकी सम्बन्धमा ।
११. दररेट सम्बन्धमा ।
१२. विगु गाउँपालिकामा करारमा कार्यरत प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि-२०७५ संशोधन गर्ने सम्बन्धमा ।
१३. ठेक्का म्याद थप सम्बन्धमा।
१४. फलाक र लप्ची नाका सडक सम्बन्धमा ।
१५. क्रमागत योजनाहरु सम्बन्धमा ।
१६. योजना साझेदारी सम्बन्धमा ।
१७. कर तथा राजस्व सम्बन्धमा।
१८. गाउँपालिका कार्यालय सम्बन्धमा।
१९. विगु स्वास्थ्य सेवा केन्द्र सम्बन्धमा ।
२०. प्राविधिक कर्मचारी म्याद थप गर्ने सम्बन्धमा ।
२१. विविध

संजीव ओली
अध्यक्ष

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

# विगु गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## लादुक, दोलखा ।

गाउँसभाको १७ औं अधिवेशन

मिति २०८२।०३।१० को निरन्तर दोस्रो बैठक

मिति २०८२।०३।२५

### सभाको निर्णयहरु

१. प्रस्ताव नं १ उपर छलफल गर्दा विनियोजन विधेयक २०८२।०८३ स्वीकृत गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ उपर छलफल गर्दा लेखा समिति तपसिल बमोजिमको सदस्य रहने गरी लेखा समिति पुनर्गठन गर्ने निर्णय गरियो।

तपशिल

| | |
|---|---|
| धन कुमार थामी | संयोजक |
| कमल प्रसाद ओली | सदस्य |
| लालीमाया तामाङ | सदस्य |
| तारा बहादुर श्रेष्ठ | सदस्य |
| ढल बहादुर थामी | सदस्य |

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा लेखा समितिबाट प्रस्तुत वेरुजु विवरणहरूबारे छलफल गरी निम्न निर्णय गरियोः

**१. वेरुजु वर्गीकरण तथा संपरिक्षण**

लेखा समितिबाट पेश गरिएको नियमित गर्न मिल्ने वेरुजु प्रमाण कागजात पेश गर्नुपर्ने वेरुजुका विवरणहरू असुल उपर गर्नुपर्ने वेरुजु पेश्की बाँकी वेरुजु उपर छलफल गरियो।

**२. नियमित गर्न मिल्ने वेरुजु ,प्रमाण कागजात पेश गर्नुपर्ने वेरुजुका विवरणहरू**

लेखा परीक्षण ऐन २०७५ तथा प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली अनुसार आवश्यक कागजात संलग्न भई पुष्टि भएका वेरुजु रकमहरू नियमित गर्ने ,प्रमाण कागजात पेश गर्नुपर्ने वेरुजुका हकमा शाखा संग समन्वय गरी प्रमाण कागजात संलग्न गराउन पहल गराउने निर्णय गरियो।

**३. पेश्की बाँकी असुल उपर गर्ने वेरुजु**

लेखा समितिको सिफारिसअनुसार असुल गर्नुपर्ने पेश्की बाँकी रकमहरू शाखा संग समन्वय गरी एकिन गराई सम्बन्धित व्यक्ति, उपभोक्ता समिति वा अन्य जिम्मेवार पक्षसँग असुल गर्न आवश्यक पत्राचार गर्ने र सो क्रममा भए गरेका प्रगति विवरण कार्यपालिका र आगामी

संजीव ओली
अध्यक्ष

गाउँसभामा समेत पेश गर्ने ,पेश भएका वेरुजु औपचारिक संपरिक्षणका लागि महालेखा नियन्त्रकको कार्यालयमा संपरिक्षणका प्रतिकृया पठाउने निर्णय गरियो।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा विभिन्न शाखा र समितिबाट प्राप्त र स्वीकृत भई आएका प्रतिवेदनहरू आगामी आर्थिक वर्ष २०८२।०८३ मा प्रतिवेदनको रुपमा छपाई गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा जग्गा वर्गीकरण सम्बन्धमा प्रचलित ऐन कानुन बमोजिम बिगु गाउँपालिका स्थानीय तहले प्रत्येक जग्गाको कित्ता नम्बर अनुसार जग्गा वर्गीकरण गर्नुपर्ने व्यवस्था भएबमोजिम सोही कार्यको लागि नापी विभाग चरिकोटबाट प्राविधिक सहयोग लिई सो कार्य गर्ने र बाँकी रहेको कामहरु विज्ञको रोस्टर बनाई विज्ञहरुबाट सो काम गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा आर्थिक वर्ष २०८१।०८२ मा सम्पादित कार्यहरूको विभिन्न शाखागत प्रतिवेदनहरू आगामी वर्षको काम गर्ने प्रयोजनको लागि समेत अनुमोदन गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा गैरसरकारी सङ्घ संस्थासँग साझेदारी गरी गरिने कामहरूको सन्दर्भमा आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि समझदारी पत्रमा हस्ताक्षर गरी कामहरू अगाडि बढाउने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा विधायन समितिद्वारा प्रस्तुत गरिएका सबै विधेयकहरू सर्वसम्मत पास भई राजपत्रमा प्रकाशित गरी नियमअनुसार लागु हुने निर्णय सर्वसम्मत निर्णय गरियो । **विधेयक समितिद्वारा पेश भएका कार्यविधिहरू निम्नअनुसार छन्।**

- उपभोक्ता समिति दर्ता कार्यविधि
- महिला सहायता कोष कार्यविधि
- विपन्न तथा दीर्घ रोगीहरूको लागि औषधि वितरण कार्यविधि
- कृषि तथा पशुपालनको लागि अनुदान कार्यविधि

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा गाउँ कार्यपालिकाको यस वर्षको सम्पुर्ण निर्णयहरू यस गाउँसभामा प्रस्तुत भई प्रस्तुत भएका गाउँ कार्यपालिकाका निर्णयहरु गाउँसभाले अनुमोदन गरियो ।

१०. प्रस्ताव नं १० उपर छलफल गर्दा चालु अब २०८१।०८२ को बाँकी भुक्तानी सम्बन्धमा हालसम्म पेश हुन आएका बाँकी भुक्तानी आर्थिक प्रशासन शाखाबाट प्रस्तुत भई सो स्वीकृत भई आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना भएको भुक्तानीहरु आर्थिक वर्ष २०८२।० ८३ मा विनियोजित बजेटबाट भुक्तानी ब्यबश्था गर्ने निर्णय गरियो ।

११. प्रस्ताव नं ११ उपर छलफल गर्दा बिगु गाउँपालिका स्थानीय दर रेट निर्धारण समितिले प्रस्तुत गरिएको बिगु गाउँपालिका स्थानीय दर रेट स्वीकृत गर्ने निर्णय गरियो ।

१२. प्रस्ताव नं १२ उपर छलफल गर्दा विगु गाउँपालिकामा करारमा कार्यरत प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि- २०७५ संशोधन गर्ने सन्दर्भमा सो कार्यविधिमा उल्लेखित थप इन्सेन्टिभ खारेज गरिने निर्णय गरियो। साथै, कार्यसम्पादनमा आधारित उत्प्रेरणा कायम राख्ने उद्देश्यले अतिरिक्त समय काम गरेवापत प्रदान गरिने प्रोत्साहन भत्ता सम्बन्धी व्यवस्था कार्यसम्पादनमा आधारित उत्प्रेरणा जगाउन अतिरिक्त समय काम गरे वापत (प्रोत्साहन भत्ता)

संजीव ओली
अध्यक्ष

सम्बन्धी कार्यविधि, २०८१ अनुसार लागू हुने गरी अघिल्लो वाझिएको व्यवस्था वदर गर्ने निर्णय गरियो ।

१३. प्रस्ताव नं १३ उपर छलफल गर्दा गाउँपालिकाको आर्थिक वर्ष ०८१।०८२ मा ठेक्का लगाइएका योजनाहरूमा नियमअनुसार पेश भई आएको ठेक्काको म्याद थप गर्नको लागि पेश भएको बिगु गाउँपालिका लामाबगर स्थित प्रितम प्रिन्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि ठेक्का नं BRM/NCB/BUILDING/WORKS/DOLAKHA/03/2-81/82, Shree Thadideulang Adharbhut Vidhayalaya Bhawan Nirman Bigu-1 विद्यालयको ठेक्काको म्याद थप गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नं १४ उपर छलफल गर्दा दोलखा जिल्ला बिगु गाउँपालिका अवस्थित दुईवटा नाकाहरू लप्ची तथा फलाक स्थित नाकाहरू सञ्चालन गर्नको लागि पूर्ववत रूपमा केही पूर्वाधारका कामहरु भइराखेको भए तापनि हाल भैराखेको कामहरु सन्तोषजनक नभएको र चाडै नै सो नाका सञ्चालन गर्नुपर्ने भएकोले बिगु गाउँपालिकाबाट विनियोजन भएको बजेटबाट यथाशक्य चाँडो बाटो निर्माणको कार्य गाउँपालिकाको मेशिन औजार प्रयोग गरि दिगो विकासाको अवधारणा अनुरुप निर्माण गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नं १५ उपर छलफल गर्दा आर्थिक वर्ष २०८२/८३ मा प्रदेश समपुरक अनुदान अन्तरगत शीर्षक ११.६.२५.५४६ फोहोर व्यवस्थापन सिंगटीका लागि विनियोजित रू. १ करोड ३३ लाख तथा संघीय सरकारबाट हस्तान्तरण भएको विशेष अनुदान अन्तर्गत फोहोर व्यवस्थापन पूर्वाधार सिंगटीका लागि विनियोजित रू. ८५ लाख बजेट कार्यान्वयन सम्बन्धमा ' वडा नं. ४ सिंगटी बजारस्थित निर्माणाधिन इन्डोर हलका लागि निर्माण गरिएको पूर्वाधार तथा भवन र जग्गा निकट क्षेत्र प्रयोग गरी सोही स्थानमा एकीकृत पूर्वाधार निर्माण गर्दै फोहोर संकलन तथा व्यवस्थापन कार्य सञ्चालन गर्नुपर्ने भएकाले, सो स्थान उपयोग गरी उक्त बजेट कार्यान्वयन गर्ने निर्णय गरियो ।

१६. प्रस्ताव नं १६ उपर छलफल गर्दा गाउँपालिकासँग साझेदारी गर्ने विभिन्न साझेदार संघ संस्था तथा विभिन्न गैरसरकारी संघसंस्थाहरूको लागि कामहरू गर्नको लागि सूचना जारी गर्ने र प्रस्ताव आह्वान गरी सोही प्रस्तावको आधारमा कामहरु गर्ने गरी खरिद गुरु योजना तयार गर्ने र सोही गुरु योजना बमोजिम काम गर्ने निर्णय गरियो ।

१७. प्रस्ताव नं १७ उपर छलफल गर्दा कर तथा राजस्व सम्बन्धमा हालसम्म गाउँपालिकामा वन तथा वातावरण मन्त्रालयमा स्वीकृत भएको वातावरणीय प्रतिवेदनहरूका अनुसार स्थानीय ढुङ्गा गिटी, बालुवा प्रयोग भएका करहरु जम्मा हुन नसकेकोले नियम अनुसार आयोजनाहरुबाट लिनुपर्ने राजस्व कर अन्य आम्दानीहरु आम्दानी गर्नको लागि कानुनी प्रक्रिया समेत अवलम्बन गरि राजस्व संकलन गर्ने निर्णय गरियो।

१८. प्रस्ताव नं १८ उपर छलफल गर्दा गाउँपालिकाको अस्थायी रूपमा चलिराखेको कार्यालय हाल आएर आफ्नै पक्की भवन बनिसकेको तथा सोही भवनबाट सेवा प्रवाह गर्ने हुँदा यस स्थानमा रहेको भवनमा गाउँपालिकाको अत्यावश्यक कार्यहरु स्थानिय आपतकालिन संचालन केन्द्र संचालन गर्ने निर्णय गरियो।

१९. प्रस्ताव नं १८ उपर छलफल गर्दा बिगु गाउँपालिकाद्वारा सञ्चालित सिङ्गटी अस्पताल कोभिडको समयमा सञ्चालनमा रहेको र हाल आएर बिगु स्वास्थ्य सेवा केन्द्रको रूपमा सञ्चालन भइराखेकोमा

संजीव ओली
अध्यक्ष

हाल आएर अस्थायी रुपमा मेडिकल अधिकृत तथा दुई जना कार्यालय सहयोगी र थप कर्मचारीहरु अन्य वडाहरुबाट व्यवस्थापन गरी सञ्चालन गर्ने निर्णय गरियो।

२०. प्रस्ताव नं २० उपर छलफल गर्दा गाउँपालिकाको स्वीकृत दरबन्दी भित्र रही काम गरिरहेका प्राविधिक कर्मचारीहरू जस्तै इन्जिनियर आइटी र अन्य प्राविधिक कर्मचारीको हकमा सम्बन्धित विषयगत समितिबाट काम कारबाहीहरु सन्तोषजनक भएको नभएको कार्यसम्पादन मूल्याङ्कन तथा अन्य प्रभावकारी कामहरूको मुल्याङ्कनको आधारमा समेतमा म्याद थप गर्ने नगर्ने विषय आगामी साउनको १५ गते भित्र कार्यपालिकाले निर्णय गरी सोही बमोजिम कार्यान्वयन गराउने निर्णय गरियो।

२१. प्रस्ताव नं २० बिबिध उपर छलफल गर्दा

विविध विषयको सन्दर्भमा जिम्मेवार पूर्वक काम नगर्ने शिक्षा शाखा प्रास कर्मचारी नवराज बस्नेतलाई सोधिएको स्पष्टीकरण र अन्य कुराहरु समेतको उत्तर नदिएको र कार्यालयमा राखुपर्ने आफ्नो शाखाको कागजातहरु सुरक्षित राख्न नसकेको र कार्यालयले आवश्यक ठानेको बखतमा कागजातहरु उपलब्ध गराउन नसकेको कारणले निज कर्मचारीलाई कार्यालयको अन्य अभिलेख र कागजातको पहुँचबाट टाढा राख्ने विभागीय कारबाहीको लागि नियमानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ अनुसार मुख्यमन्त्री कार्यालयमा लेखी पठाउने र हाल निजको बढुवाको लागि पेश भएको बिषय बिभागिय कारबाहि र ग्रेड बृद्धि रोक्काको कारबाही अन्तिम किनारा पछि मात्र गर्ने निर्णय गरियो ।

संजीव ओली
अध्यक्ष

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दोलखा

**विनयोजन ऐन**

विगु गाउँपालिका, दोलखा को आर्थिक बर्ष २०८२/८३ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत मिति : २०८२/०३/२५

प्रस्तावना : विगु गाउँपालिका, दोलखा २०८२/८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप—धारा (२) बमोजिम विगु गाउँपालिका, दोलखाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यस ऐनको नाम "विगु गाउँपालिका, दोलखाको विनियोजन ऐन, " रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०८२/८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :(१)आर्थिक वर्ष २०८२/८३को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ७०,६९,९९,३२५.८७ (अक्षेरुपी रुपैयाँ सत्तरी करोड उनान्सत्तरी लाख उनान्सय हजार तिन सय पच्चिस पैसा सतासी मात्र |) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३ . विनियोजन :(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३को निमित्त विगु गाउँपालिका, दोलखाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।
(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# विगु गाउँपालिका

लादुक, दोलखा

कार्यालय कोड नं.:

## भुक्तानी दिन बाँकीको खाता तथा कच्चाबारी (पुँजीगत)

आर्थिक बर्ष

बजेट उपशीर्षक नं

| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं. | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बाँकी रकम | भुक्तानी बाँकी रहनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | | ७ | ८ | |
| २०८२-०३-२५ | | ३८०.२१.१.६७ | उद्यमशीलता कार्यक्रम | महिला उद्यमशीलता कार्यक्रम सौंवला देवी महिला बचत तथा ऋण मार्फत भएको कार्य वडा नं.-४ सहकारी संस्था लि | सौंवला देवि महिला बचत तथा ऋण सहकारी संस्था लि. लादुक-४,दोलखा | २३०,८७५.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.६७ | उद्यमशीलता कार्यक्रम | उद्यमशीलता कार्यक्रम(सामाग्री खरिद) विगु ६,आलम्पुमा भएको कार्य वडा नं.-६ | उद्यमशीलता कार्यक्रम (सामाग्री खरिद) विगु-६ उ.स. | ३९४,९५०.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.६७ | उद्यमशीलता कार्यक्रम | साबुन बनाउने उद्यमशीलता(स्तोन्नति) सीपविकास तालिम (भुमेथान महिला स्वास्थ्य कृषि आमा समुह)मार्फत भएको कार्य वडा नं.-५ | भुमेथान महिला स्वास्थ्य कृषि आमा कृषक समुह | ४००,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.६७ | उद्यमशीलता कार्यक्रम | लम्पट बुनाई सम्बन्धी १५ दिने सीप विकास तालिम संचालन कार्य वडा नं.-१ | लम्पट बुनाई सम्बन्धी सीप विकास तालिम उ.स. | ४००,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.६७ | उद्यमशीलता कार्यक्रम | उद्यमशीलता कार्यक्रम खोपाचागु कार्य | उद्यमशिलता कार्यक्रम खोपाचागु उ.स. | ४००,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.६७ | उद्यमशीलता कार्यक्रम | महिला(थुक्पा बनाउने) उद्यमशीलता कार्यक्रम वडा नं.-७ | महिला(थुक्पा बनाउने) उद्यमशीलता कार्यक्रम उ.स. | ४००,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.६७ | उद्यमशीलता कार्यक्रम | कृषि कार्यक्रम उपभोक्ता समिति विगु २ ओराङ | कृषि कार्यक्रम उपभोक्ता समिति विगु २ ओराङ उ.स. | ४००,०००.०० | Presented at Final Hour | |
| २०८२-०३-२५ | | ३८०.२१.१.१२० | छिरिङ ठिलेन शेर्पा स्मृति | छिरिङ ठीलेन शेर्पा स्मृति फाउन्डेन वडा नं.-७ | छिरिङ ठीलेन शेर्पा स्मृति फाउन्डेन | ७००,०००.०० | Presented at Final Hour | |
| २०८२-०३-२५ | | ३८०.२१.१.५७८ | ओराङ सुसेखोला सडक स्तरोन्नति | ओराङ सुसेखोला सडक स्तरोन्नति वडा नं.-२ | ओराङ सुसेखोला सडक स्तरोन्नति उ स | १,४४०,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.१२९ | लप्ची गुम्बा आवास पुन निर्माण | लप्ची गुम्बा आवास पुन निर्माण वडा नं.-१ | लप्ची गुम्बा निवास पुन निर्माण उ स | १,४३५,७२९.३२ | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.१२३ | गुम्बा तटबन्ध लप्ची | गुम्बा तटबन्ध लप्ची समिति मार्फत कार्य वडा नं.-१ | गुम्बा तटबन्ध लप्ची उ स | १,८१३,१७७.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.५६९ | सडक बोर्ड लागत साझेदारी | शारदा मा.वि.वुलुङ देखि वराङखोला सडक स्तरोन्नति(सडक बोर्ड साझेदारी) वडा नं.-३ | शारदा मा.वि. वुलुङ देखि वराङखोला सडक उ.स. | २,१४९,७३९.४६ | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.५७२ | तार्तुङ वेर्खका सडक स्तरोन्नती | तार्तुङ वेर्खका सडक स्तरोन्नती समिति मार्फत वडा नं.-२ | तार्तुङ वेर्खका सडक स्तरोन्नती उ स | १,४४०,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.६९५ | दनेबाली प्रतिक्षालय मेलोङथली पैदल मार्ग | दनेबाली प्रतिक्षालय मोङथली पैदल मार्ग वडा नं.-६ | दनेबाली प्रतिक्षालय मेलङथली पैदल मार्ग उ स | १,३९०,९७७.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.५५२ | सानो लाकुरी सडक स्तरोन्नती | सानो लाकुरी सडक स्तरोन्नति समिति मार्फत भएको वडा नं.-२ | सानो लाकुरी सडक स्तरोन्नति उ स | ९६०,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.५७० | ओराङ खोला घाट जाने बाटो र घाट निर्माण | ओराङ खोला घाट जाने बाटो र घाट निर्माण वडा नं.-२ | ओराङ खोला घाट जाने बाटो र घाट निर्माण उ स | १,३४८,९५५.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.२२० | गौरीशंकर मा वि विगु १ आवास व्यवस्थापन | गौरीशंकर मा वि विगु १ आवास व्यवस्थापन वडा नं.-१ | गौरीशंकर मा वि विगु १ | ९९८,५२०.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.५६८ | ताक्चेन गुफा संरक्षण | ताक्चेन गुफा संरक्षण समिति मार्फत भएको वडा नं.-५ | ताक्चेन गुफा संरक्षण उ स | ४८०,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.४७ | विगु पोलिटेक्निक इन्स्टिच्युट | विगु पोलिटेक्निक इन्स्टिच्युट म्यान्डेटरी ईक्युपमेन्ट | विगु पोलिटेक्निक इन्स्टिच्युट | ७१४,१६०.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.२०४ | कृषि वाहन खरिद | कृषि वाहन वोलेरो खरिद | AGNI INCORPORATED PVT LTD | ३,२३५,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.३८ | मेशिनरी तथा औजार | मेशिनरी तथा औजार Computer Related and Hardware | B&B TRADERS INTERNATIONAL | १७८,५४०.०० | Other | |
| २०८२-०३-२५ | | ३८०.२१.१.५० | विस्तृत प्रतिवेदन परियोजना | विस्तृत प्रतिवेदन परियोजना निर्माण वापत | GREEN DESIGN SOLUTION | १,९४२,४७०.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.१०३ | सेवा र परामर्श खर्च | CAPACITY DEVELOPMENT TRAINING FOR TECI OTHER REPRESENTATIVES | MAGNET ENGINEERING PVT | ४६८,३८५.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.५४८ | अँधेरीखोला दुम्सीखेत सडक | अँधेरीखोला दुम्सीखेत सडक उ स मार्फत भएको कार्य | अँधेरीखोला दुम्सीखेत सडक उ स | १,०००,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | ३८०.२१.१.१६९ | दुङ्गाखानी सडक | दुङ्गाखानी सडक उ स मार्फत भएको कार्य | दुङ्गाखानी सडक उ स | ६००,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |

ज्योति कोइराला

आर्थिक प्रशासन प्रमुख

थामी

लेखा अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २०८२-०३-२५ | | | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास | बानिया त्रिवेणी लाफा जे भी | ४,३०८,१०५.७९ | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| २०८२-०३-२५ | | | सिँगटी खोला नदी नियन्त्रण | सिँगटी खोला नदी नियन्त्रण विगु ४ | सिँगटी खोला नदी नियन्त्रण उ स | १,०००,०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| जम्मा | | | | | | ३०,२२९,५८३.५७ | | |

उपरोक्त ब्यहोरा ठीक छ भनी

तयार गर्नेको सही:

मितिः २०८२.०३.२५

कार्यालय प्रमुख/प्रमाणित गर्नेको सही:

मितिः

विश्व ज्योति कोइराला
आर्थिक प्रशासन प्रमुख

रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

उद्देश्यः
कार्यालयमा दाखिल भैसकेको मालसामानको मोल वा उपलब्ध भैसकेका सेवा वापत भुक्तानी दिन बाँकी रकम वा सम्पन्न हुन लागेको वा भैसकेका कार्यको दिन बाँकी रकम आदि यस्तै दायित्व सिर्जना भई सकेका रकमहरु यसमा भरिन्छ ।

म.ले.प.फाराम नं: २२१
साबिकको फाराम नं:१८

# विगु गाउँपालिका

लादुक, दोलखा

कार्यालय कोड नं.:

## चालु तर्फको भुक्तानी दिन बाँकी

बजेट उपशीर्षक नं

आर्थिक बर्ष २०८१/०८२

| दायित्व सृजना भएको मिति | कारोबार संकेत नं॰ | खर्च उपशीर्षक | कार्यक्रमको नाम | कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी पाउनेको नाम | भुक्तानी दिन बांकी रकम | भुक्तानी बाँकी रहनुको कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | | ८ | |
| 2082-03-25 | | ३८०.२१.१.५४१ | कार्यक्रम खर्च | डडुवाखोला, खोलाखर्क र ज्याङ्बा खा.पा. मर्मत | गोपाल खत्री ढुकु तमाङ बादु शेर्पा सोस्थानी खत्री र श्रेष्ठ सपिङ सेन्टर एण्ड सप्लायर्स | २११५५४.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.५२ | खेलकुद सहभागिता प्रवर्द्धन | रामेछाप भलिबल प्रतियोगिता सहभागी | हिरामणि गौतम | ३१२०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.५२ | खेलकुद सहभागिता प्रवर्द्धन | कराते प्रतियोगिता काठमाडौं | थुनम तमाङ खेल.प्रशिक | ८००००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.५२ | खेलकुद सहभागिता प्रवर्द्धन | वैतेश्वर भलिवल प्रतियोगिता सहभागी | लोप्साङ तमाङ खेल प्रशिक्षक | ६००००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.३१ | गाउँपालिका तथा जिल्ला राष्टपति रनिङशिल्ड | गाउँपालिका तथा जिल्ला राष्टपति रनिङशिल्ड | हिरामणि गौतम | १०००००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others कार्यापालिका निर्णय अनुसार | |
| 2082-03-25 | | ३८०.२१.१.३१ | गाउँपालिका तथा जिल्ला राष्टपति रनिङशिल्ड | गाउँपालिका तथा जिल्ला राष्टपति रनिङशिल्ड | शारदा मा.वि. बुलुङ ३ | ८००००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others कार्यापालिका निर्णय अनुसार | |
| 2082-03-25 | | ३८०.२१.१.१० | सवारी साधन मर्मत खर्च | मो सा मर्मत बापत | लिला बहादुर थामी | ७८१०६.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.११ | धिरज मोटर पार्टस | हेभी सवारी साधन मर्मत | धिरज मोटर पार्टस | १५८२३३.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.१० | सवारी साधन मर्मत खर्च | मो सा मर्मत बापत | राम एण्ड लक्ष्मण मोटर साइकल | ४५००००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.१० | सवारी साधन मर्मत खर्च | स्कारपिओ मर्मत बापत | स्कारपिओ | २५००००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.१० | सवारी साधन मर्मत खर्च | बलेरो मर्मत बापत | बलेरो | ५००००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.४५ | पदाधिकारी बैठक भत्ता | वडा बैठक भत्ता | सम्बन्धित व्यक्तिहरु | ११५२०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others कार्यापालिका निर्णय अनुसार | |
| 2082-03-25 | | ३८०.२१.१.५४१ | कार्यक्रम खर्च | वृहत साँस्कृतिक गन्धर्व साँझ | पूर्वाञ्चल गन्धर्व साँस्कृतिक उत्थान समाज | ६००००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.२५४ | वडास्तरीय अतिरिक्त कार्यक्रम विद्यालय स्तरीय | वडास्तरीय अतिरिक्त कार्यक्रम विद्यालय स्तरीय | चित्रे मा.वि. लादुक | ६००००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२२.१.५२४ | सवारी साधन मेशीनरी औजार भाडा | सवारी साधन मेशीनरी औजार भाडा | कला विल्डिङ्ग एण्ड कन्सट्रकसन | २०३०००.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| 2082-03-25 | | ३८०.२१.१.४१ | विविध खर्च | धिनारी होटल एण्ड लज खाना खाजा अतिथी खर्च | धिनारी होटल एण्ड लज | ४६४९५०.०० | Limitation in Sources Adjustment and Review/ Presented at Final Hour/Others | |
| जम्मा | | | | | | ३७६९८४३.०० | | |

उपरोक्त ब्यहोरा ठीक छ भनी

तयार गर्नेको सहीः
मितिः

विश्व ज्योति कोइराला
आर्थिक प्रशासन प्रमुख

कार्यालय प्रमुख/प्रमाणित गर्नेको सहीः
मितिः

रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत

उद्देश्यः
कार्यालयमा दाखिल भैसकेको मालसामानको मोल वा उपलब्ध भैसकेका सेवा वापत भुक्तानी दिन बाँकी रकम वा सम्पन्न हुन लागेको वा भैसकेका कार्यको दिन बाँकी रकम आदि यस्तै दायित्व सिर्जना भई सकेका रकमहरु यसमा भरिन्छ